# स्वर्गका राज्य को रहस्यहरु **Pastor S. James**

**Nov. 3rd, 2022**

*प्रार्थना*

*धन्यबाद , धन्यबाद , धन्यबाद प्रभु धन्यबाद तपाइले हामीलाइ आजको दिन सम्म समालेर राखेको कारण धन्यबाद । तपाइको आत्मा र तपाइको बचन को शिक्षा को हामीलाइ खाचो छ प्रभु हामीलाइ छुनुहोस्  र हाम्रो समझको आखाँ खोलिदिनुहोस् । तपाइको राज्यको बारेमा हामीलाइ सिकाउनुहोस् प्रभु कारण तपाइको राज्य पास आएको छ । त्यसको लागी तयारी हुनलाइ हामीलाइ अभिशेक गर्नुहोस् । यो बचन द्वारा हामी संग बोल्नुहोस् । यो सबै बिन्ति प्रार्थना  येशु मशिह को नाममा चढाउछु आमेन ।*

बिश्वासी बिश्वासयोग्य हुनुपर्छ । बिश्वासमा आउने ब्यक्तिहरु बिश्वासमा आउनु अगाडि कोहि पनि बिश्वास योग्य थिएनन् । जब बिश्वासमा आए पछि बिश्वास द्वारा उद्धार पाए पछि परमेश्वर को राज्यमा बिश्वास योग्य हुनुपर्छ । बिश्वास योग्य हुनको लागी हाम्रा जीवन मा पहिलो यो प्रस्न हुनुपर्छ कि हाम्रो मालिक को हो ? कतिचोटि हामीले येशुलाइ रक्षाकर्ता को रुपमा स्वीकार गरेका हुन्छौ तर प्रभुको रुपमा स्वीकार गरेको हुदैनौ । प्रभु एउटै हुनुहुन्छ दुइ वटा प्रभु हुन सक्दैन । यदि मेरो परमेश्वर मालिक हुनुहुन्छ भने म उहाँ को सेवक हु र म उहाँको सेवा गर्छु । येशुले जसरी हामीलाइ प्रार्थना गर्न सिकाउनुभयो त्यो अनुसार परमेश्वर हाम्रो मालिक ह ुनुहुन्छ । उहाँ सृष्टिकर्ता हुनुहुन्छ हामी उहाँका सृष्टि हौ । उहाँ हाम्रो एउटै पिता हुनुहुन्छ र उहाँका हामी छोरा छोरी हौ । हामी जतिसुकै उमेर का किन नहोऔ हामी सबै उहाँका छोरा छोरी हौ मृतशला पनि उहाँ कै छोरा अब्राहाम पनि छोरा हो हाम्रो लागी अब्राहाम पिता हुनुहुन्छ तर उनी परमेश्वर को लागी छोरा नै हो । हाम्रो लागी परमेश्वर मालिक हो भने हामी उहाका सेवक हौ । यदि उहाँ हाम्रो बाबा हो भने हामी उहाँका छोरा छोरी हुन्छौ । हाम्रो नाता हाम्रो परमेश्वर संग हामीले उहाँलाइ हामी के हो भनेर  सोच्छौ त्यो अनुसार हुन्छ हाम्रो नाता । बचन अनुसार एउटा मालिकले तिन नोकरलाइ बोलाएर एउटालाइ पाचँ तोडा दिए र अर्को लाइ दुइ र अर्कोलाइ एउटा तोडा दिएर उनी त्यहाँ बाट टाढाँ गए । र फेरी आउनको लागी धेरै समय लाग्यो । त्यहाँ मालिकको शारिरीक रुपमा उपस्थिति थिएन तर आत्मिक रुपमा उपस्थिति थियो । त्यसै गरी हाम्रो पनि आत्मिक कान र आखाँ खोल्यो भने मात्र थाहाँ हुन्छ हाम्रो परमेश्वर को आत्मिक उपस्थिति उहाँ को हर छोरा छोरी माथि सधै हुन्छ । प्रस्न यो हो कि तर पनि हाम्रो मालिक परमेश्वर शारिरीक रुपमा हामी संग नभएको कारण हाम्रो अन्त सम्म हामी बिश्वास योग्य हुन्छौ कि हुदैनौ ?

फिलिपि २ :१२ [12]मेरा प्रिय साथीहरू! तिमीहरूले सँधै भनेको कुरा मानेकाछौ। जब म तिमीहरूसित थिएँ, तिमीहरू परमेश्वरको आज्ञाकारी थियौ। यो अझ धेरै महत्वपूर्ण कुरो  छ कि अहिले मेरो अनुपस्थितिमा पनि तिमीहरूले परमेश्वरको आज्ञा मान्छौ। मेरो सहायता बिनै पनि तिमीहरूले आफ्नो मुक्तिकोलागि कोशिश गर। परमेश्व रको डर र आदर गरेर यसो गर।

पावलले भन्छन् मेरो उपस्थितिमा तिमीहरु सबै आज्ञाकारी थियौ । तर जब म अहिले तिमीहरु संग टाढा भए र पनि तिमी मेरो अनुपस्थितिमा पनि आज्ञाकारी हुनुपर्छ । परमेश्वर पनि त्यहि हामी बाट चाहनुहुन्छ । संसारमा हाम्रो बाबा आमा हाम्रो टिचर र अफिसको बोस् कोही पनि अगाडि छ भने हामी आज्ञाकारी हुन्छौ तर उनीहरु नहुदा पनि हामी आज्ञाकारी हुनुपर्छ । हामी परमेश्वर को डर मानेर र आदर गरेर उहाँको अनुपस्थितिमा पनि आज्ञाकारी हुनुपर्छ । यो हो बिश्वास योग्य जीवन । मालिक को उखानमा दुइ वटा कुरा थियो एउटा कुरा मालिक उनीहरु बाट टाढाँ गयो र अर्को फेरी फर्केर आउन को लागी ढिला भयो । हामीले युसुफको जीवनमा पनि देख्न सक्छौ उसको बाबा उ संग हुदा होस् या नहुदा बाबाको शिक्षामा नै उ हिड्यो । संसारको मालिक हाम्रो लागी हाम्रो बाबा आमा हुनुहुन्छ यदि हामी हाम्रो बाबा आमा को अनुपस्थितिमा हामी आज्ञाकारी हुन्छौ भने हामीलाइ परमेश्वरले उठाउनु हुन्छ । संसारको मालिकको आखाँमा हामी बिश्वास योग्य होइनौ भने हामीलाइ परमेश्वरले उठाउनुहुदैन । परमेश्वरको सबै घरानामा परमेश्वरको असल सेवक मोशा थिए । तर येशु सेवक को रुपमा मात्र होइन पुत्र को रुपमा आज्ञाकारी हुनुहुन्थ्यो । सेवक र पुत्रको रुप मा धेरै फरक छ । सेवकले काम को पछि तलब खोज्छ । उ तलब को लागी काम गर्छ । पुत्र तलब खोज्दैन थोक खोज्दैन पुत्र बाबाको उन्नति खोज्छ । येशु सेवकको रुपमा मात्र नभएर  छोराको रुपमा आज्ञाकारी हुनुहुन्थ्यो र त्यसैगरी हामीलाइ परमेश्वरले सेवकको रुपमा मात्र नभएर उहाँको छोरा छारीको रुपमा बोलाउनुभएको छ त्यसैले हामी उहाँको बिश्वास योग्य हुनुपर्छ ।

यशैया ४३:१ कूब, तिमीलाई परमप्रभुले बनाउनु भयो। इस्राएल, तिमीलाई परमप्रभुले बनाउनु भयो। अनि अब परमप्रभु भन्नुहुन्छ, "तिमीहरू नडराऊ! मैले तिमीहरूलाई बचाएँ। मैले तिम्रो नाउँ राखे। तिमी मेरो हौ।

[2]जब तिमीमाथि कष्टहरू पर्छन, म तिम्रो साथमा छु। जब तिमी नदीहरू तर्छौ तिमीलाई चोट लाग्नेछैन। जब तिमी आगोबाट हिंड्दछौ, तिमी जल्ने छैनौ; आगोको ज्वालाले तिमीलाई लपेटने छैन्।

परमेश्वरले हामीलाइ छोरा छोरी को रुपमा हेर्नुभएको छ। त्यसैले हामी बिश्वास योग्य हुनुपर्छ। जब हामी बिश्वास योग्य हुन्छौ तब यो संसारमा उन्नति सबैले पाउदैनन् तर जुन काम को लागी परमेश्वरले हामीलाइ राखेको छ त्यो काममा बिश्वास योग्य भयौ भने परमेश्वरको १००० शालको शासणमा हामीले अधिकार पाउछौ। र त्यसपछि अनन्तकाल को लागी हामलि आदर महिमा र मुकुट सबै थोक पाउछौ।

१ कोरिन्थी ४:१ हरूले के संझनु पर्छ भनेः हामी ख्रीष्टका सेवकहरू हौं। परमेश्वरको गोपनीय कुराहरू लिएर हामीलाई विश्वास गरिएको छ।
2 यदि कुनै कुरा निम्ति विश्वास गरिएको मानिसले प्रमाण गर्नु पर्छ कि उ त्यो विश्वासको योग्य छ।

परमेश्वर को राज्यमा धेरै रहस्यका कुराहरु छ। उहाँले हामीलाइ त्यो उहाँका गुप्त कुराहरुको भण्डारे बनाउनु भयो। त्यो रहस्यका कुराहरु बचन भित्रै छ तर लुकाएको छ। परमेश्वरको राज्यमा अगाडि बढ्नको लागी त्यो रहस्यका कुराहरु बुझ्न आबस्यक छ, र त्यस रहस्यका कुराहरुको भण्डारे हुनुपर्छ र त्यो हुनलाइ हामी बिश्वास योग्य हुनुपर्छ।

प्रकास १०:७ [7] ती दिनहरुमा जब सातौ स्वर्गदूत आफ्नो तुरही फुक्न तयार हुन्छ, परमेश्वरका गुप्त योजना पूर्ण हुनेछन्। यो योजना, परमेश्वरले आफ्ना सेवकहरुलाई भनेको सुसमाचार हो, जो अगमवक्ताहरु हुन्।"

जब परमेश्वको सातौ स्वर्गदुतले तुरही फुक्दा मात्र परमेश्वर को गुप्त कुराहरु पुर्ण हुनेछ। अहिले पुरा भएको छैन। परमेश्वरको रहस्यका कुराहरु उहाँका अगमबक्ताहरु द्वारा बोलिसक्नुभएको छ। हाबेल देखी यहुन्ना सम्म यो सबै परमेश्वरका दासहरु द्वारा गुप्त कुराहरु बोलिसक्नु भएको छ बचनमा धेरै कुरा खोलिसक्नु भएको छ तर मान्छेले बिश्वास योग्य नभएको कारण बुझ्न सकेको छैन। परमेश्वरले आफ्ना गुप्त कुराहरु खोल्नको लागी सर्तहरु राख्नु भएको छ। यो उहाँले उहाँको समय अनुसार खोल्दै जादै हुनुहुन्छ। कति कुराहरु खोल्न को लागी समय आएको छैन। कति कुराहरु उहा को सातौ स्वर्गदुतले खोल्नेछ।

मत्ती १३:१०-१३ [10] चेलाहरू आए र येशूलाई सोधे, 'तपाईंले उपदेश गर्न दिनुहुँदा तपाईंले किन उखानहरू भन्नु भएको?"
[11] येशूले जवाफ दिनुभयो, 'स्वर्गको राज्यको सत्यरहस्यहरूको बारेमा तिमीहरूले मात्र बुझ्नसक्छौ। तर अरूहरूले ती जान्नसक्दैनन्।

येशुले भन्नुभयो परमेश्वरको स्वर्गको राज्यको गुप्त कुराहरु मात्र तिमीहरु चेलाहरुले बुझ्न सक्छौ अरुहरुले सक्दैनन्। अनुयायीहरु उहाँलाइ पछ्याउने ब्यक्ति भिडमा भेला हुनेलाइ पबित्र आत्माले सिकाउनुहुन्न ,बुझ्नको लागी चेला हुनुपर्छ। परमेश्वरले पबित्र आत्माले उहाँका चेलाहरु संग मात्र रहस्यका कुराहरु खुलाउनुहुन्छ। हामीले परमेश्वरको रहस्यका कुराहरु बुझ्न जरुरी छ किनभने हाम्रो अनन्त कालको उन्नति यो संग जोडिएको छ। त्यसैले हामीले यो कुराहरु बुझ्नको लागी हामी भिडको भाग होइन परमेश्वरको चेला हुनुपर्छ।

[12] जसले बुझ्न सक्दछ उसलाई अरू बुझाइनेछ अनि उसले चाहेभन्दा धेरै बुझ्न पाउनेछ। तर जसले बुझ्न सक्दैन उसले जति बुझेकोछ त्यो पनि उसकोबाट खोसिनेछ।
[13] यसैले, ती मानिसहरूलाई उपदेश दिएँ म उखानहरू भन्ने छु तिनीहरू हेर्दछन्, तर देख्दैनन्। तिनीहरू सुन्छन् तर बुझ्दैनन्।

परमेश्वरका रहस्यका कुराहरु बुझ्नको लागी चेलाहरु भएर मात्र हुदैन चेलाको साथै बिश्वास योग्य चेला हुनुपर्छ। येशुको १२ चेलाहरु थिए त्यसमा पनि एक जना बिश्वास योग्य थिएन। र ११ जना चेलाहरुमा पनि सबै जना पहिला बिश्वास योग्य थिएनन्। पावल शुरु देखी अन्त सम्म बिश्वास योग्य थिए। त्यसकारण परमेश्वरको धेरै गुप्त कुराहरु पावल बाट हामीले सिकेका छौ। किनभने पावल चेलाको साथ साथै बिश्वास योग्य पनि थिए।

१ तिमोथी १:१२ [12] हाम्रा प्रभु ख्रीष्ट येशूलाई म धन्यवाद दिंदछु किनभने उहाँले मलाई विश्वास गर्नु भयो र उहाँको सेवा गर्ने यो काम मलाई दिनुभयो। उहाँले यो गर्न मलाई शक्ति दिनुभयो।

हामी बिश्वास योग्य भएको कारणले हामी येशुलाइ बिश्वास गर्नु भन्दा पहिला हामी ब्यबस्थाको अनुसार चलेको कारण ले मात्र उहाँले हामीलाइ उहाँको सेवा गर्ने र काम गर्न चुन्नुहुन्छ। हाम्रो मण्डलीहरुमा दुइ किसिमका मान्छेहरु छन् एउटा उमेर बढे पछि येशुमा बिश्वास गरेर उद्धार पाएका ब्यक्तिहरु मण्डलीमा आएपछि उनीहरुको लागी परिपक्व बचनहरु बाढ्न सकिन्छ किनकी उनीहरुले बुझ्न सक्छन्। अर्को नानीहरु हुन्छन् कतिले उद्धार पाएका हुन्छन् कतिले पाएका हुदैनन्। उनीहरुलाइ बाबा आमाले परमेश्वरको राज्यको बारेमा मुख्य सदगुणहरु छन् त्यो सिकाउनु पर्छ।

२ पत्रुस १:५ 5 यसकारण यी कुराहरु तिमीहरुको जीवनमा थप्न सकेसम्म प्रयास गर। तिमीहरुको आफ्नो विश्वासमा भलोपन अनि ज्ञानमा भलोपन थप।

धेरै नानीहरुमा बिश्वास त्यति हुदैन तर हामीले उनीहरुमा भलोपन थप्नु पर्छ। जब यिनीहरुमा सदगुण जोड्यौ भने जब एक दिन उनीहरुले उद्धार पाए पछि उनीहरु परमेश्वर को राज्यमा अगाडि बढ्नको लागी समय लाग्दैन ।युसुफ, दानीयल सानो हुदा उसको बाबा आमाले सदगुण जोडेका थिए जब उनीहरुको जीवनमा बिश्वास आयो त्यसपछि त्यो बिश्वासमा सदगुण जोड्न परेन पहिलानै उनीहरु संग सदगुण जोडिसकेको थियो। संसार देखी आएका मान्छेहरु एक दिन सुसमाचार सुने र बिश्वास गरेर उद्धार पाए पछि मण्डली आएपछि उनीहरु को जीवनमा सदगुण दिन दिनै जोड्नु पर्छ। सदगुण जोडे पछि मात्र बिश्वास योग्य हुन सक्छ। पावल

बिश्वास योग्य थिए जसले गर्दा जब उनी बिश्वासमा आए परमेश्वरले योग्य मानेर जिम्मेदारी दिनुभयो । पत्रुस माछा मार्ने मछुवा थिए उनी संग सदगुणहरु पहिलानै जोडिएको थिएन येशुले मान्छे पक्रिने बनाउन को लागी उनलाइ चेला बनाएर शिक्षा दिएर दिएर येशुले साढे तिन शाल अनुसाशन सिकाउनु भयो । त्यस कारण हाम्रो नानीहरुलाइ पहिलानै झुट नबोल्नु , यस्ता धेरै कुराहरु सिकाउन सक्छौ । अन्य जातिहरु बाट आएका मान्छेहरु संसार बाट आएका मान्छेहरु झुट बोलेर बोलेर ,सबै गलत कामहरु गरेर बिश्वासमा आएकाहरुलाइ मण्डलीमा शिक्षा दिएर दिएर सदगुण जोड्नु पर्छ । यो नानीहरु बिश्वास योग्य हुनुपर्छ । जब यी नानीहरुमा परमेश्वरमा बिश्वासमा आउछन् त्यस पछि युसुफ जस्तो , दाउद जस्तो , दानीयल जस्तो , यर्मिया जस्तो परमेश्वरमा छिट्टो अगाडि बढ्छन् । तिमोथी १ को १२ यसरी लेखेको छ परमेश्वरले मलाइ बिश्वास योग्य पाउनुभयो ।

एफिसी ६:१९ [19]मेरो लागि पनि प्रार्थना गर कि जब म बोल्छु परमेश्वरले मलाई शब्दहरू दिऊन् र सुसमाचारको गुप्त सत्यतालाई म निर्भयसंग भन्नु सकुँ।

सुसमाचारको गुप्त सत्यहरु भनेको सुसमाचार नै गुप्त कुरा हो । हामीले यस्तो सुसमाचार सुनेका छैनौ जुन सुसमाचारमा खराब ब्यक्तिहरुले मुक्ति अनन्त जीवन पाउनेछन् । धरममा त असल काम गरेर गरेर धर्मी हुन्छ । तर हाम्रो सुसमाचारमा एउटा गुप्त कुरा छ जुन कुरा मान्छेले बुझेकै थिएनन् यसमा कुनै असल काम गर्नु पर्दैन हामीले आफ्नो पाप देखी मन फिराएर पस्चाताप गरेर येशुमा बिश्वास गर्‍यौ भने त्यो मान्छे धर्मी हुनेछ । येशु यस संसारमा आए पछि यो सुसमाचार सुरु भएको यसमा गुप्त कुरा छन् ।

एफिसी ३: सर्थ, म ख्रीष्ट येशूको कैदी हुँ, र तिमीहरूको पनि एक कैदी जो यहूदीहरू होइनौ।
[2]अवश्य तिमीहरू जान्दछौ कि परमेश्वरले आफ्ना अनुग्रहले तिमीहरूलाई सहायता गर्न मलाई यो काम सुम्पनु भएकोछ।
[3]परमेश्वरले मलाई आफ्नो गुप्त योजना दर्शाउनु भयो। यसबारे मैले केही लेखिसकेकैछु।
[4]अनि मैले लेखेका ती कुराहरू पढयौ भने ख्रीष्टको बारेमा गुप्त सत्यता मैले बुझेको रहेछु भन्ने तिमीहरू जान्नसक्छौ।

यो सुसमाचारको रहस्य भनेको खीष्टको रहस्य हो । सुसमाचार भन्नुनै खीष्ट को गुप्त कुराको बारेमा जान्नु हो । हामीले खीष्टको रहस्यका कुराहरु जान्नु जरुरी छ होइन भने हामी आत्मिक मण्डलीमा अगाडि बढ्न सक्दैनौ । हाम्रो आखाँ संसारमानै हुन्छ । हाम्रो आखाँ रहस्यमय कुराहरुमा हुदैन त्यो रहस्यका कुराहरु ४००० शाल छुपेको थियो । पहिला यो रहस्यका कुराहरु पत्रुस बाट आयो त्यस पछि हामी जस्तो अन्य जातिहरु देखी आउछ । यो सबै द्वारा रहस्यका कुराहरु पवित्र आत्मा द्वारा प्रकट हुन्छ । पत्रुस होस् या पावलहोस् कसैलाइ पनि खीष्टको रहस्यका कुरा पवित्र आत्मा द्वारा प्रकट हुन्छ । पवित्र आत्मा प्रकास को आत्मा हो ।

एफिसी १:१७-१८ [17]म सँधै हाम्रा प्रभु येशू ख्रीष्टका महिमामयी पिता परमेश्वरलाई प्रार्थना गर्दछु कि उहाँले तिमीहरूलाई यस्तो आत्मा दिऊन् जसले परमेश्वरको बारेमा ज्ञान र प्रकाश होस् र उहाँलाई पुरै बुझ्न सक्ने बनाउन्।
[18]म प्रार्थना गर्दछु, कि उहाँले तिमीहरूको हृदयको आँखा खोलिदिउन् ताकि तिमीहरू आशालाई चिन्न सक जसका निम्ति परमेश्वरले तिमीहरूलाई चुन्नु भयो। अनि परमेश्वरले आफ्ना पवित्र जनहरूलाई वचन दिनुभएको आशिष कति सम्पन्न र महिमाशाली रहेछ त्यो पनि जान्नेछौ।

ज्ञान , बुद्धि र प्रकास को आत्मा जब हाम्रो जीवनमा बुद्धि र प्रकास को आत्मा आउछ हाम्रो आत्मिक आखाँ खुल्दछ । हाम्रो आत्माको आखाँ खोलिएन भने यो रहस्यका कुराहरु हामी बुझ्न सक्दैनौ । त्यसैले पावलले मण्डलीले सुसमाचार को रहस्य को कुरा बुझ्नको लागी उनीहरुलाइ आत्मा को प्रकास दिनुहोस् भनेर प्रार्थना गर्दथे । त्यो रहस्यका कुराहरु बुझ्नको लागी सबै भन्दा पहिला चेला हुनुपर्छ दोस्रोमा बिश्वास योग्य हुनुपर्छ । त्यस पछि हामी परमेश्वर को भण्डारे हुन्छौ । भण्डारे को मतलब हो हामी उहाँ को सेवक र उहाँका छोरा छोरी हुन्छौ । यो दुइ स्वरुपमा हामी बिश्वासयोग्य हुन्छौ । परमेश्वरको रहस्यका कुराहरु एक दिन अचानक खोल्नेछ त्यसको लागी दिन छ त्यो दिन को लागी हामी तयारीमा हुदैनौ कारण हामीलाइ यो रहस्यका कुराहरु हाम्रो लागी खोलिदैन किनभने हामीले यो रहस्यका कुराहरु खोजेनौ । हामी चेला को रुपमा र भण्डारेको रुपमा परमेश्वर को पछाडि गएनौ । यसकारणले बचनमा भन्दछ परमेश्वरले देखाएको बाटो साँगुरो र कठिन छ त्यसैले धेरै जना त्यो बाटो भएर जादैनन् । कारण सबै जना जीवनको अन्त सम्म बिश्वास योग्य हुदैनन् । पावलको अन्तिम चिठि पढ्दा खेरी पावल संग धेरै जना हिडेका थिए र अन्तमा दिमास पनि जान्छ र तिमोथी र लुका मात्र बाकि हुन्छन् । हाम्रो मालिक आउन ढिला भयो भने हामी कति जना हाम्रो जीवनको अन्त सम्म अर्थात हाम्रो मालिक येशु आउने सम्म हामी बिश्वास योग्य हुन्छौ कि हुदैनौ ।

२ थिस्लोनिकी २:७ [7]पापको गुप्ती शक्तिले अहिले पनि संसारमा काम गरिरहेकै छ। तर एक शक्ति छ जसले त्यो दुष्टको शक्तिलाई रोकिराखेको छ। र त्यसलाई बाटोदेखि नपन्छयाइञ्जेल सम्म त्यसलाई यसरी नै रोकेरै राखिनेछ।

पापको गुप्त शक्तिले अहिले पनि संसारमा राज गर्दैछ । अधर्मको गुप्त शक्ति चल्दैछ । पहिलाको राजा माहाराजा को जवानामा प्यान , कुलर, ए.सी केहि थिएन र गाडि एरोप्लेन , जाहाज केहि थिएन उनीहरु संग पैसा भए पनि पावर भए पनि केहि सुख भोग्न पाएनन् तर हाम्रो यो पुस्ता ज्ञान , बुद्धि , टेक्नोलोजी सबै कुरामा अगाडि बढेको छ । धर्ममा पनि सबै भन्दा अगाडि बढेको हाम्रो पुस्ता हो । र पनि यो टेक्नोलोजी , ज्ञानले अधर्मको गुप्त शक्तिलाइ बन्द गर्न सक्दैन । यो बिकसित संससारमा पनि यो अधर्म को गुप्त शक्तिले काम गरीरहेको छ । मान्छेहरु यति ज्ञानमा बढेर पनि झन् नराम्रो हुदैछन् । अखबार खोल्यो भने सबै पापको खबर बाहेक केहि हुदैन । देश देशमा लडाइ मान्छे मार्‍यो । बम ब्लास्ट भयो सबै पापको कुरा मात्र छ । यस्तो पापको गुप्त शक्तिले काम गरीरहेको बेला पापलाइ पुरा रुपमा बढ्न नदिन पवित्र आत्माले रोकिराखेको छ । एक दिन संसारको मण्डली परमेश्वर ले उठाइलगे पछि यो संसारमा पुरा रुपमा पापको शक्ति बढ्न दिनुहुन्छ ।

१ तिमोथी ३:१६ *16* निःसन्देह हाम्रो आराधनाको जीवनको रहस्य महान छःउहाँ हाम्रो निम्ति मानिसको रूपमा प्रकट हुनुभयो, आत्माद्वारा उहाँ सत्य सावित हुनुहुन्छ। उहाँ स्वर्गदूत अघि देखा पर्नुभयो, सुसमाचार अन्य जातिहरूमा प्रचारित गरियो, विश्वका मानिसहरूले उहाँलाई विश्वास गरे। अनि महिमामा उहाँ स्वर्ग सम्म उचालिनु भएकोछ।

पवित्रताको पनि गुप्त रहस्य छ । अधर्मको गुप्त रहस्य र पवित्रताको गुप्त रहस्य यो संसारमा दुबै संगै संगै चल्दैछ । अधर्मको गुप्त रहस्य हाम्रो लागी खतरनाक हानिकारक हुन्छ ।

भजनसग्रह ५१:५ [5]पापमा नै मेरी आमाले मलाई गर्भधारण गरिन् अनि म पापमा नै जन्मेको थिएँ।

पाप , अधर्म र अपराध यो तिन कुराहरु अलग अलग हुन् । यस पदमा दुबै ठाउमा पाप भनेको छ तर यसमा एक अधर्म हो र अर्को पाप हो । म अधर्मी भएको कारण मैले पाप गर्छु । हामी पापी भएर होइन हामी अधर्मी भएर जन्मेका हौ । आदम र हब्वा मात्र धर्मी भएर जन्मेका थिए । जब उनीहरुले परमेश्वरको बिरुद्धमा पाप गरे उनीहरुको सबै संन्तानहरुमा अधर्म आयो । जति सुकै राम्रो नानी अधर्ममा जन्मेको कारण हरेक बच्चालाइ दुइ वटा पुलिस दिएको छ ताकी उनीहरु पापमा नचलुन् भनेर । हामी पाप गरेर पापी भएका होइनौ हामी अधर्ममा जन्मेको कारण पाप गर्दछौ । यदि यो संसारमा ब्यबस्था भन्ने कुरा छैन भने हामी पापको स्वरुपमा नै जान्छौ । जब दाउदले बेथसेवा संग ब्यभिचार गरे र उरयाहलाइ मारे जब नाथान आएर उनलाइ भने त्यस पछि दाउदले यो भजनसग्रह लेखे । दाउदले शावल को सेवक हुदा यो नराम्रो काम केहि पनि गरेनन् यो सबै नराम्रा काम दाउदले राजा भएपछि गरे । राजा भए पछि उ संग अधिकार आयो र उ अधर्म को बाटोमा गयो । त्यसकारणले परमेश्वरले पैसा पैसा नभन्नु पैसा धेरै नखोज्नु भनेर भन्नुभयो किनभने पैसा भनेकै अधिकार हो । हाम्रो जीवनमा पनि पैसा आयो भने हामी पनि अधमैको बाटोमा गएर पाप गर्छौ किनभने हामी संग त्यो पुरानो अधर्म बाट जन्मेको अधर्मी पना हामी संग छ । मतलब हामी भित्रै छ । त्यो रहस्य शक्ति हो संसारमा पुरा फैलिएको र प्रकट भएको । त्यसैले सारा मान्छेहरु आज यो अधर्मको शक्ति प्रकट गर्नको लागी पैसा खोज्छन् ।

प्रस्थान ३४:७ *7* एउटा पुस्तादेखि अर्को पुस्तासम्म परमप्रभुले कृपा देखाउनु हुन्छ। उहाँले मानिसहरूलाई तिनीहरूको दुष्टता, कुकर्म अनि विद्रोहमा क्षमा गर्नुहुन्छ। तर दोषी मानिसलाई दण्ड दिन उहाँ बिर्सिनु हुन्न। तिनीहरूद्वारा गल्ती गरिएको कारण तिनीहरूका छोरा-छोरीहरू, नाति-पनाति, तिनीहरूका सन्तानले तेस्रो अथवा चौथो पुस्तासम्म दुःख भोग्नु पर्छ।"

पिता पुर्खाले गरेको पाप हामी सबै सन्तानहरुले भोग्नु पर्छ । हाम्रो बाबा आमा ले गरेको त्यहि पाप हामीले नगर्न पनि सक्छौं गर्नुपर्छ भन्ने छैन तर उनीहरुले गरेको अधर्म पाप को स्वभाव हामी संग आउछ । हामी सबै संग पापको स्वभाव हुन्छ । किनभने हामी सबै अधर्ममा जन्मेका छौ । जुन दिन हामीमा अधिकार हुनेछ त्यस दिन हामी पनि त्यसै गर्नेछौ । दाउदले पनि त्यसै गरे जब उनको जीवनमा अधिकार आयो उनले पनि पाप गरे । त्यस पछि दाउदले अधर्म को रहस्य को शक्ति थाहाँ पाए ।

उत्पत्ती ४:१३ [13]तब कयिनले परमप्रभुलाई भने, "यो दण्ड चाँहि मैले सहन सक्नेभन्दा धेरै भयो।

आदम र हब्वाले पाप गरे उनीहरु बाट कयिन जन्मे । बाबा आमाले त हत्या गरेका थिएनन् तर कयिनले हत्या गरे आफ्नै भाइलाइ मारे । अधर्मको गुप्त शक्तिको बारेमा कयिनले भने म सहन गर्न सक्दिन । मेरो लागी यो अतिनै धेरै भयो ।

रोमी ७:२४ [24]म कति दयनीय छु! मृत्यु ल्याउने यस कुराबाट मलाई कसले बचाउँछ?

पावलले पनि त्यहि भन्छन् । म जो चाहन्छु त्यो गर्दिन जो चाहन्न त्यहि गर्छु । संसारमा अधर्मको गुप्त शक्ति यसरी फैलिएको छ कि यस बाट कसले बचाउन सक्छ ?

[25]परमेश्वरले मलाई बचाउनु हुनेछ! म उहाँलाई हाम्रो प्रभु येशू ख्रीष्ट मार्फत धन्यवाद चढाउँदछु! यसकारण अब म मानसिक रूपले परमेश्वरको व्यवस्थाको दास हुँ। तर मेरो पापपूर्ण स्वभावमा म पापको विधानको दास छु।

परमेश्वरले प्रभु येशुमा हामीलाइ बचाउनुहुन्छ । यो हो पबित्रताको गुप्त रहस्य । यहि परमेश्वरको गुप्त शक्तिले हामीलाइ यो सबै अधर्मको गुप्त शक्तिलाइ नास गर्छ । त्यसकारण हामीले परमेश्वरको पबित्रताको गुप्त शक्तिले अधर्मको गुप्त शक्तिलाइ तोड्नु पर्छ । त्यस पछि पबित्रताको शक्तिमा हामी हाम्रो जीवनको अन्त सम्म चल्नुपर्छ ।

२ थिस्लोनिकी २:७ [7]पापको गुप्ती शक्तिले अहिले पनि संसारमा काम गरिरहेकै छ। तर एक शक्ति छ जसले त्यो दुष्टको शक्तिलाई रोकिराखेको छ। र त्यसलाई बाटोदेखि नपन्छ्याइञ्जेल सम्म त्यसलाई यसरी नै रोकेरै राखिनेछ।
[8]त्यसपछि त्यो दुराचारी निस्कनेछ र प्रभु येशूले त्यसलाई आफ्नो मुखको श्वासले मारिदिनु हुनेछ। परमप्रभुले दुष्ट मानिसलाई आफ्नो गौरवमय आगमनले नाश गरिदिनु हुनेछ।

अन्तमा यो पाप र अधर्म को स्वरुपमा एक जना प्रकट हुन्छ त्यो हुनेछ ख्रीष्ट बिरोधि । ६६६ नम्बर लिएर सैतानको स्वरुपमा अधर्म को दुष्ट गुप्त शक्ति लिएर एउटा ब्यक्ति निक्लीन्छ । पबित्रताको गुप्त शक्ति पनि प्रकट हुनुभयो । उहाँ येशु मशिह हुनुहुन्छ ।

२ थिस्लोनिकी २:३ [3]कुनै खण्डमा पनि तिमीहरूलाई कसैले धोखा नदिओस्। जब सम्म परमेश्वरको विरुद्ध विद्रोह हुँदैन त्यो दिन आउने छैन। जब सम्म विनाशकारी मानिस आँउदैन तब सम्म त्यो दिन आँउदैन। विनाशकारी मानिस नरकको हो।

खीष्ट बिरोधी को तिन वटा नाम छन् । पापको मानिस , बिद्राहि को मानिस , र बिनासकारी को मानिस जब यस्तो मानिस प्रकट हुन्छ त्यतिखेर परमेश्वरले मण्डलीलाइ उठाउनुहुन्छ ।  अधर्मको रहस्यको शक्ति अन्तमा एउटा मानिसमा प्रकट हुन्छ ।

प्रकास १७:३ 3 तब त्यो स्वर्गदूतले मलाई बोकेर मरुभूमिमा आत्माको नजिक लगे। त्यहाँ मैले एउटी स्त्रीलाई रातो पशुमाथि बसेकी पाँए। त्यो पशु जुन परमेश्वरको वदनामी लेखिएका नाउँहरुले ढाकिएको थियो। त्यो पशुका सातवटा टाउँको अनि दशवटा सीङ्गहरु थिए।
4 त्यो स्त्रीले बैजनी अनि रातो रङ्गको बस्त्र पहिरेकी थिई। त्यो उसले लाएका सुन, रत्न अनि मोतीहरुमा चम्किरहेकी थिई। उसको हातमा एक सुनौलो प्याला थियो। त्यो प्याला भयानक वस्तुहरु अनि त्यस स्त्रीको अशुद्ध यौन पापले भरिएको थियो।
5 उसको निधारमा उपाधि लेखिएको थियो। त्यो उपाधिको गुप्ती अर्थ थियो। यो लेखिएको थियोमहान बेविलोन वेश्याहरु अनि पृथ्वीका दुष्ट कुराहरुको जननी।
6 मैले देखें कि त्यस स्त्री मातेकी थिई। उसले परमेश्वरको पवित्र मानिसहरु अनि जसले येशूमा आफ्नो विश्वास बताएका थिए तिनीहरुको रगत पिएर मातेकी थिई। जब मैले त्यस स्त्रीलाई देखें, म पुरै आश्चर्य चकित भएँ।

युहन्नाले एउटा स्त्रीलाइ देखे जो एउटा पशु माथि बसेकी थिइ । जसको नाम गुप्ती बेबिलोन थियो । परमेश्वरको आत्माले युहन्नालाइ दुइ वटा कुरा देखाउनुभयो । एउटा पशु देखाउनुभयो र अर्कौ पशु माथि बसेकी  एक स्त्रीलाइ देखाउनु भयो । पशु खीष्ट बिरोधि हो । र स्त्री यो संसार हो बेबिलोन । यो स्त्री पशुको माथि बसेकी छे । यो स्त्रीको शक्ति पशु बाट आउछ ।  यो स्त्री को नाम रहस्य बेबिलोन को बेश्या । बेबिलोन भनेको एउटा गुप्त कुरा हो । यो गुप्त बेबिलोन एउटा पशुको माथि बसेको छ । यो पशु को हो ?

प्रकास १३: १,२,४ सपछि मैले समुद्रबाट एक पशु उठिरहेको देखें। त्यसको दशवटा सिङ्ग अनि सातवटा टाउको थिए। त्यसको प्रत्येक सिङ्गमा एउटा मुकुट थियो। त्यसको प्रत्येक टाउकोमा ईश्वर निन्दाको नाउँ लेखिएको थियो।
2 यो पशु भालूको जस्तो खुट्टा भएको चितुवा जस्तो देखिन्थ्यो। त्यसको सिँहको जस्तो मुख थियो। त्यो विशाल सर्पल त्यस पशुलाई आफ्ना सबै शक्ति, उसको सिंहासन अनि महान अधिकार दियो।
4 मानिसहरुले त्यस विशाल सर्पको उपासना गरे किनभने त्यसले आफ्नो शक्ति त्यस पशुलाई दिएको थियो। अनि मानिसहरुले त्यस पशुको पनि उपासना गरे। तिनीहरुले सोधे, “त्यो पशु जस्तो शक्तिशाली को छ?” को त्यसको विरुद्धमा लडाईं गर्न सक्छ?”

त्यो पशुको नाममा परमेश्वरको बिरोधि लेखेको छ ।यो पशु खीष्ट बिरोधि हो । यो पशुलाइ शक्ति , सिंहासन,र उसको माहान अधिकार सर्पले अर्थात सैतानले दिएको छ । एक दिन यो पशु प्रकट हुन्छ प्रकट हुनु भन्दा अगाडि यो पशु को माथि रहस्य को बेबिलोन स्त्री को रुपमा बसेकी छे । बेबिलोन भनेको एउटा शहर हो ,यो संसार हो ।  बेबिलोनको बिरोधमा उता पट्टि एउटा नयाँ यरुसलेहेम को शहर छ ।त्यो शहर मण्डली हो ।  यो शहरलाइ खीष्टले अधिकार दिनुहुन्छ । बेबिलोनलाइ खीष्ट बिरोधिले अधिकार दिन्छ । पिताले खीष्टलाइ उहाँको शक्ति, अधिकार, सिहाँसन दिनुहुन्छ र खीष्टले नयाँ यरुसलेहेमलाइ अर्थात मण्डलीलाइ दिनुहुन्छ । सैतानले आफ्नो सबै पशुलाइ दिन्छ जो खीष्ट बिरोधि हो र त्यस पशुले बेबिलोन अर्थात यस संसारलाइ सबै शक्ति,अधिकार, र सिहासन सबै दिन्छ ।

प्रकास १२:९ 9 त्यो विशाल सर्प त्यसका दूतहरु सहित पृथ्वीमा फालियो। त्यो विशाल सर्प त्यही पुरानो सर्प हो जसलाई शैतान भनिन्छ, त्यसले सम्पूर्ण संसारलाई नै कुमार्गमा डोर्याउँछ। उसका दूतहरु पनि उसंगै पृथ्वी तल फालियो।

सर्प सैतान हो । तर उ पशु होइन जस माथि स्त्री बसेकी छे । सर्प त्यो हो जसले पशुलाइ सशक्त बनाउछ । पिता खीष्ट होइन , खीष्ट पिता होइन खीष्ट र पिता समान छन् तर अलग अलग हुनुहुन्छ । पिताले खीष्टलाइ सशक्त बनाउनुहुन्छ । यो अधर्मको रहस्य को सत्य छ त्यो एक दिन संसारको आखाँमा प्रकट हुन्छ । एक दिन खीष्ट बिरोधि आउछ र उसले बेबिलोन माथि अधिकार गरेको छ । त्यसकारण हामीलाइ चेतावनी दिइएको छ ।

१युहन्ना २:१८ 18 मेरा प्यारा बालकहरु, अन्त धेरै नजिक छ। तिमीहरुले सुनेका छौ कि ख्रीष्ट विरोधी आउँदैछ। अनि अहिले ख्रीष्टका अनेक शत्रुहरु यहाँ छन्। यसर्थ हामी जान्दछौं कि अन्त नजिक छ।

धेरै खीष्ट बिरोधी आइसके , कति आइरहेका छन् तर असल खीष्ट बिरोधी आउदैछ त्यो हो यो बिशाल पशु । येशु आउदैहुनुहुन्छ भनेर हावेल देखी धेरै अगमबक्ताहरुले भने अन्तमा येशु आउनुभयो । त्यसै गरी धेरै खीष्ट बिरोधीहरु आए र उनीहरुले यो बिशाल खीष्ट बिरोधी आउने तयारी गर्दैछन् । हामीलाइ थाहा छैन साहेद यो बिशाल खीष्ट बिरोधी हाम्रो जमानामा प्रकट हुन सक्छ । यो संसारले खीष्ट बिरोधी आउनको लागी पुरा तयारी गर्दैछ । यो दुबै रहस्य अहिले संगै चल्दैछ । पबित्रताको रहस्य र अधर्मको रहस्य

मत्ती १३:२४ 24 त्यसपछि येशूले तिनीहरूलाई सिकाउन अर्को उखान सुनाउनु भयो। उहाँले भन्नुभयो, “स्वर्गको राज्य एउटा मानिस जस्तो हो जसले आफ्नो खेतमा असल बीऊ छर्यो,

हामीलाइ रहस्यका कुराहरु बुझाउनको लागी उहाँले उखान द्वारा भन्नुभयो । यो स्वर्गको रहस्यका कुराहरु हामीलाइ सिकाउनुभएन भने हामीले बुझ्न सक्दैना

25 त्यो रात सबै मानिसहरू निदाइरहेका थिए। त्यो मानिसको शत्रु आयो अनि गहुँको बीच-बीचमा सामा छरेर गयो।
26 केही समयपछि गहुँ उम्रियो र बढन थाल्यो त्यही समय सामा पनि बढन थालये

जब हामी आत्मामा सुत्छौ भने सैतान आएर सामा छरेर जान्छ । हामी आत्मिक रुपमा सधै होसियार हुनुपर्छ । त्यो सामा हाम्रो आखाँ द्वारा आउछ । मण्डलीमा जान्छौ त्यहाँ असल बचन सुन्छौ त्यस पछि संगती गर्छौ त्यसमा सामा आउछ । मतलब आइतबार बिउ रोपिन्छ सोमबार बाट सामा आउछ । कारण आत्मामा निदायो आत्मामा तयार भएनौ । येशुलाइ जब सैतानले परिक्षा लिदा सैतानले बचनमा यस्तो लेखेको छ भन्दा येशुले बचन बाटै यस्तो पनि लेखेको छ भनेर बचन बाट सैतान संग लडाइ गर्नु भयो । उहाँ आत्मामा जागा हुनुहुन्थ्यो मतलब निदाउनुभएको थिएन । त्यसै गरी आदमले पाप गरेपछि परमेश्वरले आदमलाइ भन्नुभयो मैले यो बगैचा लगाए र तलाइ यो फल खानु र यो नखानु भनेर भने अहिले तैले मैले नखानु भनेको फल तैले खाइस् र अब त मरी सकिस् ,कसले तेरो जीवनमा सामा हाल्यो ? आदम सचेत थिएनन् त्यसकारण सैतानले आएर सामा रोप्यो ।

[25]त्यो रात सबै मानिसहरू निदाइरहेका थिए। त्यो मानिसको शत्रु आयो अनि गहुँको बीच-बीचमा सामा छरेर गयो।
[26]केही समयपछि गहुँ उम्रियो र बढन थाल्यो त्यही समय सामा पनि बढन थालये
[27]उसका चाकरहरू आए र मालिकलाई सोधे, 'हजूरले आफ्नो खेतमा असल बीऊ रोप्नु भएको होइन? तब सामाको बोट चाहि
[28]"त्यो मानिसले जवाफ दियो, 'केही शत्रुले त्यो छरेको थियो।"चाकरहरूले सोधे, 'त के हामीले गएर ती सामा उखेलेको तपाई चाहनु हुन्छ?'
[29]'त्यो मानिसले जवाफ दियो, 'अहँ, किनभने जब तिमीहरूले सामा उखेल्दा गहुँ पनि उखेल्न सक्छौ।
[30]फसलको समयसम्म सामा र गहुँ दुवैलाई सँगसँगै बढन देऊ। फसल कटाइको बेलामा म खेतालाहरूलाई भन्नेछु, 'पहिले सामा बटुलेर तिनीहरूलाई जलाउनुको निम्ति बिटा-बिटा बाँध। त्यसपछि गहुँ बटुल र मेरो भण्डारमा जम्मा गर।"'

यहाँ दुइ वटा गहु र सामा दुबै संगसंगै बढ्दैछन् । सामा र गहु दुबै देख्दा उस्तै उस्तै देखिने भएकोले सामा उखेल्दा गहु पनि उखेल्ने भएकोले परमेश्वरले भन्नुभयो अन्तमा फसल काट्ने समयमा यि गहु र सामालाइ अलग अलग गर ।

प्रकास २२:११ [11]त्यो मानिसलाई, जसले नराम्रो गर्दैछ, गर्न देऊ। मानिस जो अस्वच्छ छ उसलाई अस्वच्छ रहन देऊ। मानिस जसले सही कुरा गर्दैछ गर्न देऊ। मानिस जो पवित्र छ, पवित्र रहन देऊ।"

दुष्ट काम गर्नेले दुष्ट गरीरहोस् । अपबित्र मान्छे अपबित्रै रहोस् । असल मान्छेले असल काम गरीरहोस् । जो पबित्र छ पबित्रनै रहिरहोस । मतलब यो दुइ वटै अधर्मको रहस्य र पत्रिताको रहस्य  अन्त सम्म साथमा चलिरहन्छ ।

प्रकास १४: [14]मैले हेरें अनि मेरो अ घि त्यहाँ सेतो बादल थियो। त्यो सेतो बादलमा जो बसेका थिए तिनी मानिसको पुत्र जस्तै देखिन्थे। उनको शिरमा सुनौलो मुकुट अनि हातमा धारीलो हँसिया।
[15]तब, मन्दिर बाहिर अर्को स्वर्गदूत आयो। त्यो स्वर्गदूतले जो बादलमाथि बसेका थिए तिनलाई भन्यो, "तिम्रो हँसिया लेऊ अनि बाली काट। फसल काटने समय आयो। पृथ्वीको फल पाक्यो।"
[16]यसर्थ उनी जो बादलमा बसेका थिए, पृथ्वीमाथि आफ्नो हँसिया चलाए अनि पृथ्वीको फसल काटियो।

पृथ्वीको कटनी भनेको असल ब्यक्तिहरुको धार्मीक ब्यक्तिहरुको कटनी भयो । यिनीहरुको फल पाक्यो ।

[17]तब स्वर्गमा मन्दिर बाहिर अर्को स्वर्गदूत निस्के। त्यो स्वर्गदूतसित पनि धारिलो हँसिया थियो।
[18]त्यसपछि वेदिबाट अर्को स्वर्गदूत आए। यो स्वर्गदूतको आगोमाथि अधिकार थियो। यो स्वर्गदूतले धारिलो हँसिया हुने स्वर्गदूतलाई भने। उसले भने, "तिम्रो धारिलो हँसिया लेऊ अनि पृथ्वीको अङ्गूर घारीबाट अङ्गूरका झुप्पा संग्रह गर। पृथ्वीका अङ्गूरहरु पाकेका छन्।"
[19]त्यो स्वर्गदूतले उसको हँसिया पृथ्वीमाथि चलाए अनि स्वर्गदूतले पृथ्वीका अङ्गूरहरु संग्रह गरे अनि परमेश्वरको क्रोधको बृहत दाखदानीमा हालिदिए।
[20]नगर बाहिर दाखदानीमा अङ्गूरहरु निचोरियो। दाखदानी बाहिर रगत बग्यो। यो दुई सय माइल टाढासम्म घोडाको लगामसम्म पुग्ने गरी गहीरो थियो।

यहाँ दुइ वटा एउटै समयमा पबित्रताको रहस्य र अधर्मको रहस्यको कटनी संग संगै चल्दैछ । त्यो दिनमा परमेश्वरको रहस्य सकिन्छ ।

१ तिमोथी ३:१६ [16]निःसन्देह हाम्रो आराधनाको जीवनको रहस्य महान छःउहाँ हाम्रो निम्ति मानिसको रूपमा प्रकट हुनुभयो, आत्माद्वारा उहाँ सत्य सावित हुनुहुन्छ। उहाँ स्वर्गदूत अघि देखा पर्नुभयो, सुसमाचार अन्य जातिहरूमा प्रचारित गरियो, विश्वका मानिसहरूले उहाँलाई विश्वास गरे। अनि महिमामा उहाँ स्वर्ग सम्म उचालिनु भएकोछ।

हाम्रो पबित्रताको रहस्य अति माहान छ । उहाँ मानिसको रुपमा प्रकट हुनुभयो , पबित्र आत्मा द्वारा धर्मी ठहरीनु भयो , उहाँ स्वर्गदुत अघि देखा पर्नुभयो, उहाँ अन्य जातिहरु को बिचमा प्रचारिनुभयो ,यो हो पबित्र संसारमा बिश्वास योग्य हुनुभयो र महिमामा माथि उचालिनु भयो । यो हो पबित्रताको रहस्य को ६ भाग पबित्रताको पहिलो भाग ख्रीष्ट शरीर धारी हुनुभयो ।

लुका १:३५ [35]ती स्वर्गदूतले मरियमलाई भने, "पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ अनि सर्वशक्तिमान परमेश्वरको शक्तिले तिमीलाई ढाकनेछ। यसकारणले जो जन्मनुहुन्छ उहाँ परमेश्वरको पुत्र कहलाइनु हुनेछ।

यो प्रकास पहिला मरियमले पाएकी थिइन् । ६०० शाल पहिला यशैया अगमबक्ता द्वारा को पुस्तकमा पहिलानै अगमबाणी भैसकेको थियो कि कन्या गर्भबति हुनेछे । तर त्यसको प्रकास कसैले पनि पाएनन् । कन्या गर्भबति हुनेछे यशैयाको पुस्तकमा लेखेको थियो तर यसको अर्थ कसैलाइ थाहाँ थिएन त्यसैले मरियमले स्वर्गदुतलाइ सोधिन् म एउटा कन्या कसरी गर्भबति हुन सक्छु ?यो एउटा रहस्य थियो । कसैले पनि थाहाँ पाएनन् अगमबक्ताहरु कसैले पनि थाहाँ पाएनन् । यो पबित्रताको रहस्य थियो । ६०० शाल लाग्यो यो रहस्य

खुल्नको लागी । परमेश्वरले कसै संग पनि यो रहस्यका कुरा भन्नुभएन जो गर्भधारण हुन्छ उनी संग मात्र भन्नुभयो । जब मरियमले यो कसरी हुन्छ भनेर सोध्दा यो नानी पबित्र आत्मा द्वारा हुन्छ र यो पुत्र परमेश्वर को पुत्र हुन्छ भनेर भन्नुभयो ।

यहुन्ना १:१ संसार सृष्टि हुन पहिल्यै त्यहाँ वचनथियो। त्यो वचन परमेश्वरसंग थियो, अनि वचननै परमेश्वर हुनुहुन्थ्यो।
14 वचन शरीर हुन आए र हामी माझ बसे। हामीले उहाँको महिमा देख्यौं, अनि हामीले पिताका एकमात्र पुत्रको महिमा जस्तो उहाँको महिमा देख्यौं। वचन अनुग्रह र सत्यताले पूर्ण थियो।

आदिमा बचन थियो , त्यो बचन परमेश्वर संग थियो र त्यो बचन नै परमेश्वर हुनुहुन्थ्यो । त्यो बचनशरीर भएर हाम्रो बिचमा आउनुभयो । यसरी यो पबित्रताको रहस्य खोलियो । अधर्मको रहस्यलाइ तोड्नको लागी परमेश्वर शरीर धारी हुनुभयो । जब सम्म हामी नयाँ जीवनमा जन्मदैनो जब सम्म हाम्रो जीवनमा खीष्ट जन्मनुहुन्न हामी जतिसुकै धर्मी भए पनि हामीले अधर्मको रहस्यलाइ जित्न सक्दैनौ ।

१ तिमोथी ३:१६ 16 निःसन्देह हाम्रो आराधनाको जीवनको रहस्य महान छःउहाँ हाम्रो निम्ति मानिसको रूपमा प्रकट हुनुभयो, आत्माद्वारा उहाँ सत्य सावित हुनुहुन्छ। उहाँ स्वर्गदूत अघि देखा पर्नुभयो, सुसमाचार अन्य जातिहरुमा प्रचारित गरियो, विश्वका मानिसहरुले उहाँलाई विश्वास गरे। अनि महिमामा उहाँ स्वर्ग सम्म उचालिनु भएकोछ।

हामी पबित्र आत्मामा मात्र धर्मी ठहरीन सक्छौ । येशु पबित्र आत्मा द्वारा जन्मेको कारण जन्मदा नै धर्मी ठहरीनु भयो । येशु अधर्ममा जन्मनु भएन । त्यसकारण उहाँमा अधर्मको रहस्य काम गर्दैन । उहाँ शरीरमा जन्मेको कारण शरीरका अभिलाषाहरु छन् तर पनि उहाँ धार्मीक्तामा जन्मनुभयो , दोस्रोमा आत्मामा नै जिउनुभयो , तेस्रोमा उहाँ आत्मा द्वारा भरिनु भयो चौथोमा उहाँ आत्मा को सामर्थले भरिनुभयो । आत्मा द्वारा भरिनु र आत्माको सामर्थले भरिनु यो दुइ एउटा होइन । जब हामी आत्माले भरिन्छौ तब आत्मालाइ हाम्रो जीवन डोर्‍याउनु दिनु पर्छ । आत्माले डोर्‍याउनु को मतलब आत्माले हामीलाइ परिक्षामा लिएर जान्छ । जति जति हामी परिक्षामा भएर जान्छौ त्यति त्यति हाम्रो शक्ति बढ्दै जान्छ । जब येशु उजाड स्थानमा सैतानको परिक्षा संग जितेर येशु फर्केर आउनुहुन्छ त्यतिखेर उहाँ पबित्र आत्माको सामर्थमा आउनुहुन्छ । र जे जे काम येशुले गर्नुभयो त्यो सबै आत्मा द्वारा गर्नुभयो । चमत्कारको काम देखी लिएर शिक्षा दिनु सम्म र कुशमा गरेको काम पनि सबै आत्मा द्वारा गर्नुभयो जसले गर्दा उहाँ धर्मी ठहरिनुभयो । हामीलाइ पबित्रताको रहस्यले हामीलाइ एउटा बाटो देखाएको छ । अर्थात खीष्टले हामीलाइ धेरै कुरा दिएको छ। सबै भन्दा पहिला जसले पनि येशु मशिहलाइ मुक्तिदाता भनेर स्वीकार गर्‍यो ति सबैलाइ परमेश्वरको संन्तान हुने अधिकार दिइएको छ । र त्यो अधिकारमा अगाडि बढ्नको लागी आत्मामा नै रहनु पर्छ ।

१ पत्रुस १:१२ 12 यो तिनीहरुलाई देखाइयो कि जुन सेवा तिनीहरुले गरे तिनीहरु स्वयंका निम्ति होइन। ती अगमवक्ताहरुले तिमीहरुको सेवा गरिरहेका थिए जब तिनीहरुले यो कुराको विषयमा भने जो अहिले तिमीहरुले सुन्यौ। तिनीहरु जसले तिमीहरुलाई सुसमाचार प्रचार गरे तिमीहरुलाई ती कुराहरु भने। तिनीहरुले तिमीहरुलाई त्यो पवित्र आत्माको सहायताले भनिएका कुराहरु ती कुराहरु हुन जुन स्वर्गदूतहरु पनि जान्न उत्सुक छन्।

यो रहस्यका कुराहरु स्वर्गदुतहरुलाइ पनि थाहाँ थिएन त्यसैले स्वर्गदुतहरुले पनि जान्ने इच्छा गरे । मात्र तिन जनालाइ यो रहस्यका कुराहरु थाहा थियो पिता , पुत्र र पबित्र आत्मा । यशैयाले कन्या गर्भबति हुन्छ भनेर अगमवाणि दिए स्वर्गदुतहरुले पनि बुझेनन् । जब पछि आएर परमेश्वरको चेलाहरु युहन्ना , पावल, याकुब द्वारा यो रहस्यका कुराहरु प्रकट हुदा खेरी स्वर्गदुतहरुले पनि सिक्दैछन् । परमेश्वरको बचन जब हाम्रो मण्डलीहरुमा बाड्छौ स्वर्गदुतहरु पनि त्यहाँ आउछन् सिक्नको लागी त्यसैले मण्डली सानो ठुलो को मतलब हुदैन हामी पबित्रताको रहस्यका कुराहरुको भण्डारे हुनुपर्छ । यदि हामी पबित्रताको रहस्यका कुराको भण्डारे हौ भने स्वर्गदुत पनि हामी स.ग रहस्यका कुराहरु सिक्नको लागी हाम्रो मण्डलीमा आउछन् । सुसमाचार एउटा रहस्य हो यो रहस्यको कुरामा स्वर्गदुत हरुले सहायता गरे मरियम संग सबै भन्दा पहिला गब्रियल स्वर्गदुत आएर पहिलो सुसमाचार भने । येशु ४० दिन उपवासमा बसेर उजाडस्थानमा सैतान बाट परिक्षामा पर्दा स्वर्गदुत आएर उहाँलाइ शक्ति दियो । गेतसमणी को बगैचामा स्वर्गदुत आएर येशुलाइ समाले त्यसरीनै हामी पनि यो रहस्यमा सहभागी हुनुपर्छ ।

मत्ती २६: 52 येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार त्यसकै ठाउँमा हाल। जसले तरवार चलाउँछ उसलाई तरवारले नै मार्दछ।
53 तिमीलाई थाहा छ, मैले मेरा पितासंग मलाई सहायता गर्नु होस् भनी बिन्ती गर्न हो भने। उहाँले स्वर्गदूताहरूका बाह्र पल्टन झट्टै पठाउनु हुन्न?

स्वर्गदुतलाइ पनि थाहाँ छैन । कुशको रहस्य कसैलाइ पनि थाहाँ थिएन । त्यसैले येशुले भन्नुहुन्छ मैले आज्ञा दिने हो भने १२ पल्टन स्वर्गदुत आउने थिएनन र ? भन्नुको मतलब स्वर्गदुतहरु ख्डा छन् उनीहरुलाइ के हुदैछ थाहाँ छैन ।

हिब्रु १:१४ 14 सबै स्वर्गदूतहरू आत्मा हुन् जो परमेश्वरको सेवा गर्छन् अनि उद्धार पाउनेहरूको सहायता गर्न तिनीहरूलाई पठाइन्छन्।

जसजसले उद्धार पाए त्यसको लागी सहायता गर्नको लागी स्वर्गदुत पठाइन्छन् भन्नुको मतलब हामी सबै संग आफ्नै स्वर्गदुतहरु छन् । उद्धार पाए पछि हामी राजकुमार राजकुमारीहरु भयौ त्यसैले हामीलाइ सहायता गर्न स्वर्गदुत हाम्रौ लागी परमेश्वरले पठाउनुहुन्छ ।

हिब्रु १३:२ 2 मानिसहरूलाई अतिथी सत्कार दिएर सहायता गर्न कहिल्यै नभुल। यसो गर्दा कसैले अन्जानमै स्वर्गदूतहरुको सहायता गरे।

कोहि कोहि मान्छेको रुपमा हाम्रो घरमा आउने स्वर्गदुतहरु हो । अब्राहामको पालमा आउने दुइ वटा स्वर्गदुतमा स्वयम परमेश्वर येशु आउनुभयो । पावल पनि समुन्द्रमा कति हप्ता हुदा खेरी सबै सामानहरु बाहिर फ्याकेर सबै जनाले सोचे अब हामी मर्छौ भन्दा स्वर्गदुत आएर पावल संग भन्यो तिम्रो निम्ति यिनीहरु कोहि पनि मर्दैनन् । दोस्रो दिन पावलले भन्छन् हामी खाउ किनभने हामी कोहि पनि मर्दैनौ । किनभने एउटा राजाको छोरा राजकुमार पावल छन् जसको लागी परमेश्वरले स्वर्गदुतलाइ सहायता गर्न पठाउनुभएको छ । पबित्रतामा , धार्मीक्तामा , बिश्वासमा अगाडि बढेको एलिया जिजबेल को धम्कीको कारण भाग्दा खेरी एलियाले भने प्रभु म मर्न चाहन्छु मलाइ जिउनु इच्छा छैन भन्दा त्यहाँ स्वर्गदुत आयो । हामीले पनि यो सोच्नु पर्छ कि हामी कहिले पनि एक्लै हुन सक्दैनौ । बचनमा लेखेको छ यदि म घोर अन्धकारमा गएता पनि तपाइ को आत्मा र तपाइको स्वर्गदुत मेरो साथमा हुनुहुन्छ म कहिले पनि डराउने छैन । यो पबित्रताको भाग हो अन्धकार को शक्ति पुरा फेलिएको छ । हामी डराउनु पर्दैन कारण हामी संग को छ ? यो सबै नयाँ करार को रहस्यहरु हो । यो संसारमा पुरा अधर्मको रहस्यले काम गर्दैछ बेबिलोन त्यो स्त्री अधर्मको माथि बसेकी छे । तर मण्डली कसको माथि बसेको छ ? हाम्रो मण्डली पबित्रताको रहस्य माथि हुनुपर्छ । मण्डली येशुको दुलही हो । त्यसकारण मण्डली येशुको दुलही पबित्रतामा पबित्र आत्मामा नै चल्नुपर्छ । नत्र भने हामी उद्धार त पाएका छौ तर दौड पुरा गर्दैनौ जब समस्या आउछ एलिया जस्तो हामी पनि भाग्छौ । बप्तिष्मा दिने युहन्ना जस्तो निरास हुन्छौ । होइनभने डिमास जस्तो छोडेर जान्छौ । हाम्रो अनन्त जीवन गुमाउदैनौ तर हाम्रो डौडलाइ पुरा गर्दैनौ । पावलले आफ्नो डौड पुरा गर्यो । पत्रुसले पुरा गरे स्थिफनसले पुरा गरे । यि सबैले एकै तरीकामा पुरा गरेनन् । स्थिफनसले आफ्नो डौड पुरा गर्दा स्वर्गको द्धार खोल्यो मैले देखे भनेर भन्यो । पत्रुसले पुरा गर्दा उसले भन्यो यो शरीरमा भएको तम्बु अब छोडेर जानु पर्यो । पावलले पुरा गर्दा पावलले भने मैले मेरो डौड पुरा गरे । मैले बिश्वासलाइ अन्त सम्म पक्रेर राखे अब मैले धार्मीक्ताको मुकुट पाउछु । पावलले बुझ्े पबित्रताको रहस्यहरु त्यस कारण हामीले पबित्रताको रहस्यहरु पवल द्धारा पायौ । कारण पावल पहिला परमेश्वरको चेला थिए र दोस्रोमा बिश्वास योग्य थिए । त्यसरी नै हामी पनि पहिला परमेश्वरको चेला हुनुपर्छ दास्रो कुरा हामी परमेश्वरमा बिश्वस योग्य हुनुपर्छ र त्यस पछि परमेश्वर हामी संग बोल्नुहुन्छ । आमेन

*प्रार्थना*

*प्रभु धन्यबाद, धन्यबाद, धन्यबाद प्रभु हामीर्लाइ बिश्वासमा , धार्मीक्तामा , पबित्रतामा अगाडि बढ्नको लागी हामीलाइ सहायता गर्नुहोस् । आत्मामा चल्नको लागी यो जीवन एउटा भण्डारेको रुपमा चल्न को लागी हामीलाइ अनुग्रह गर्नुहोस् । एक दिन तपाइले हामीलाइ स्याबास मेरो असल नोकर त थोरै कुरामा पनि योग्य भइस् त्यो सुन्न हामी चाहन्छौ प्रभु आशिस दिनुहोस् प्रभु । हामीलाइ सुन्ने खाल्को कान , देख्ने खाल्को आखाँ दिनुहोस् प्रभु यो सबै बिन्ति प्रार्थना चढाउछु येशु प्रभु को नाममा आमेन ।*